भेरी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : ४ २०७८ माघ १ गते

## भाग-२

**भेरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, जाजरकोटको**
**सूचना**

## भेरी नगरपालिकामा कार्यान्वयनमा रहेका कार्यविधिमा केही संशोधन, २०७८

**क. एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ पहिलो संशोधन २०७८ :**

१. कार्यविधिको दफा ७ को (१) मा एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले नेपाल सरकारको एम्बुलेन्स सेवा संचालन सम्बन्धि निर्देशिका, २०७३ को बुँदा नं. ११ बमोजिमभन्ने बाक्यांश झिकी एकिकृत एम्बुलेन्स तथा पूर्व अस्पताल सेवा संचालन निर्देशिका, २०७७ को बुँदा नं. १८ बमोजिम भन्ने बाक्यांश राख्ने,

२. अनुसूची(३ मा "ख" वर्ग भन्ने उल्लेख भएकोमा संशोधन गरी "ग" वर्ग भन्ने उल्लेख गर्ने र "ख" वर्गको एम्वुलेन्समा हुनुपर्ने औषधिको सूची संशोधन गरी "ग" वर्गकोएम्बुलेन्समा हुनुपर्ने निम्न औषधी र उपकरण तथा जनशक्तिको विवरण उल्लेख गर्ने:

**First aid medicines and equipments:**

- **Oxygen cylinder, Flow meter and mask** जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन
- **IV injections**
- **Stretcher**
- **Stethoscope, B.P. Apparatus, Torchlight**
- **Ambu and mask**

**Staff:**

- **One ambulance driver with First aid Training**
- **One cummunity EMT (CMA or ANM with wo weeks com munity EMT course)**

३. कार्यविधिको अनुसूची १ मा एम्बुलेन्सको सेवा शुल्कको दर रेट भेरी नगर पालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ उल्लेख भएकोमा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ भन्ने उल्लेख गर्ने,

**ख. उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि २०७६ दोश्रो संशोधन २०७८,:**

उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि पहिलो संशोधन, २०७६ को बुँदा नं ५ को (२) मा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी इजाजत लिएका व्यवसायी एवं गैर सरकारी संस्थामा काम गर्ने कर्मचारी उपभोक्ता समितिमा बस्न पाईने छैन साथै सेवा निवृत्त भई निवृत्तीभरण पाउने कर्मचारीका हकमा उपभोक्ता समितिको प्रमुख (अध्यक्ष सचिव र कोषाध्यक्ष) पदमा बस्न पाईने छैन भन्ने उल्लेख भएकोमा संशोधन गरी बुँदा नं ५ को (२) मा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी इजाजत लिएका व्यवसायी एवं गैर सरकारी संस्थामा काम गर्ने कर्मचारी उपभोक्ता समितिमा बस्न पाईने छैन भन्ने बाक्याँश राख्ने ।

आज्ञाले,
दलबहादुर घर्ती
निमित्त प्रमुख प्रशासकीय अधिकृत